नेपाल सरकार
# नेपाल स्वास्थ्य अनुसन्धान परिषद
स्थापित २०४७

पत्र संख्या: ०७७/०७८

चलानी नं.: ६८१

मिति : २०७७/०६/०७

## प्रेस विज्ञप्ती

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री ज्यूको समुपस्थितिमा Incident Command System (ICS) का पदाधिकारीहरुको बैठक बाट निर्णय भई मिति २०७७/०४/०७ गते प्राप्त भएको पत्रमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई निम्न विषयहरुको अध्ययन गरि प्रतिवेदन पेश गर्न निर्देशन भएको थियो ।

क) कोभिड-१९ परीक्षण, Contact Tracing, विरामी व्यवस्थापन, आदिको विश्लेषण तथा पुनरावलोकन ।

ख) जनस्वास्थ्य मापदण्ड (SMS) को Public Compliance सम्बन्धमा सर्भे गर्ने ।

ग) नेपालमा कोभिड १९ संक्रमणबाट मुक्त भएका व्यक्तिको स्वास्थ्य अवस्था मूल्याङ्कन गर्ने ।

उल्लेखित क्रियाकलापहरु मध्ये जनस्वास्थ्य मापदण्ड (SMS) को Public Compliance सर्भे गर्ने कार्य पूरा भई प्रवोधिकरण पनि गरिसकिएको र नेपालमा कोभिड १९ संक्रमणबाट मुक्त भएका व्यक्तिको स्वास्थ्य अवस्थाको सर्वेक्षण रिपोर्ट प्रतिवेदन यस प्रकार छः-

नेपाल कोभिड १९ संक्रमणबाट मुक्त भएका व्यक्तिको सर्वेक्षण टेलिफोन अन्तर्वार्ता द्वारा नेपालको सातवटै प्रदेशमा १८ वर्ष माथिका कोरोना संक्रमण भई निको भएका व्यक्तिहरुको स्वास्थ्य अवस्था विशेष गरि शारीरिक, मानसिक र सामाजिक स्वास्थ्य स्थितिको अध्ययन गर्ने ५५२ व्यक्तिहरुमा संख्यात्मक (Quantitative) र २५ व्यक्तिहरुमा गुणत्मक (Qualitative) विधिद्वारा मूल्यकाङ्कन गरि तयार पारिएको थियो । अनुसन्धान विधिमा तथ्याङ्क सङ्कलन विधि प्रयोग गरियो जसमा संरक्षित प्रभावशाली र गहन अन्तर्वार्ता निर्देशिकाहरु तयार गरियो र विशेषज्ञहरुको मद्दत लिएर अन्तिम रुप दिइयो ।

**यस अध्ययनका उद्देश्यहरुः-**

- नेपालमा कोभिड १९ संक्रमण मुक्त भएका व्यक्तिहरुको स्वास्थय स्थिति आँकलन गर्नु र राष्ट्रिय स्तरमा नेपालमा रोकथामका उपायहरु पत्ता लगाउनु ।
- कोभिड १९ संक्रमण मुक्त भएका व्यक्तिहरुको शारिरीक स्वास्थ्य स्थिति अध्ययन गर्नु ।
- कोभिड १९ संक्रमण मुक्त भएका व्यक्तिहरुको सामाजिक स्वास्थ्य स्थितिको अध्ययन गर्नु ।

फोन नं : [illegible]

नेपाल सरकार

# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

स्थापित २०४७

पत्र संख्याः ०७७/०७८

चलानी नं.: ६८१

- कोभिड १९ संक्रमण मुक्त भएका व्यक्तिहरुको दैनिक कार्यात्मक गतिविधिहरु र सामाजिक आर्थिक अवस्थामा परेको असर बारे अध्ययन गर्नु ।

**नेपालमा कोभिड १९ संक्रमणबाट मुक्त भएका व्यक्तिहरुको स्वास्थ्य अवस्थाको सन्दर्भमा निम्न तथ्यहरु पाइएको छ :-**

- 19th September 2020 मा नेपालमा ६१५९३ जनामा कोभिड संक्रमण देखिएकोमा ४३८२० जना संक्रमित निको भएका छन् ।
- सर्वेक्षण गरिएका कूल जनसंख्या मध्ये ९९% ले यात्रा गरेको पाइयो । (देशभित्र ६९.१% र अन्तर्राष्ट्रिय भ्रमण २९.९%)
- कोभिड १९ संक्रमण मुक्त भएका व्यक्तिहरुको हालको शारीरिक स्वास्थ्य स्थितिको आँकलन गर्दा ८९.१% व्यक्तिहरु सामान्य अवस्थामा रहेका थिए भने १०.९% मा लक्षणहरु (जस्तैः- रुघाखोकी, चिसो महसुस हुने, सामान्य कार्य गर्दा पनि कमजोर महसुस हुने र गन्ध र स्वाद पनि गुमाएको) अनुभव व्यक्त गरेको पाइयो ।
- कोभिड १९ को सामान्य लक्षण भएका विरामीहरु साथै युवा तथा वयस्कहरुमा पनि लामो समय सम्म विरामी बनाउन सक्ने पाइयो ।
- ३५% भन्दा बढी विरामीहरुमा निको भएको २ देखि ३ हप्ता सम्म पनि खोकी, थकान र श्वास फेर्न गाह्रो हुने लक्षण भएको पाइयो ।
- स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेवी र कोरोना संक्रमण मुक्त भएका व्यक्तिमा Post Traumatic Stress Disorder (PTSD) र Post Traumatic Stress Symptoms (PTSS) भएको पाइयो ।
- कूल सहभागी (५५२) मध्ये ७० जना अन्य दीर्घ रोगहरुबाट (जस्तैः- मधुमेह, मुटुरोग, दम, आदि) ग्रसित भएको पाइयो ।
- धुम्रपान र मद्यपानको सेवन पनि कोभिड १९ पश्चात १० र १२ प्रतिशतले घटेको पाइएको छ ।
- शारीरिक स्थिति मूल्याङ्कन गर्दा ८०% भन्दा माथिका निको भएका व्यक्तिहरुले घरायसी, घरबाहिरको काम र आर्थिक आयआर्जनको काम सहजै रुपमा गरेको पाइयो भने ९.६ % घरायसी, ९% ले घरबाहिरको काम र ११.१% ले आर्थिक आयआर्जनको काम गर्न अरुको सहायता लिएको पाइएको छ ।

नेपाल सरकार

# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

स्थापित २०४७

पत्र संख्या: ०७७/०७८

चलानी नं.: ६८१

- मानसिक स्थिति मूल्याङ्कलन गर्दा १५.१% सहभागीहरुमा कोभिड १९ को प्रकोपको बारेमा बारम्बार दिक्क लाग्ने र अनावश्यक विचारहरु आएको र ७.७% मा आफू र अरु प्रति नाकारात्मक विचारहरु आएको पाइएको छ ।
- त्यसैगरी २१.४% मा कामको चिन्ता, १९.२% मा घरको चिन्ता, २९.६% मा बेरोजगारीको कारणले आर्थिक चिन्ता भएको पाइयो ।
- कोभिड १९ बाट संक्रमित व्यक्तिहरुको रिपोर्ट निगेटिभ नभए सम्म आफूलाई अलग राखेको कारण मासिक आम्दानीलाई असर पुऱ्याएको पाइयो ।
- सहभागीहरुले कोभिड १९ को डरका कारण आफन्तहरुबाट कुनैपनि स्नेह र प्रेमको अनुभव नपाएको पाइएको छ ।
- सामाजिक स्वास्थ्य स्थिति बारे मूल्याङ्कन गर्दा ४८.३% निको भएका व्यक्तिहरुले सामाजिक भेदभावको महसुस गरेको पाइयो । सामाजिक दुर्व्यवहारको कारणले गर्दा उनीहरुमा मानसिक चिन्त बढेको पाइयो ।
- थोरै सहभागीहरुले रिपोर्ट गरे अनुरुप तनावको प्रमुख कारकहरुमध्ये अविश्वसनीय समाचार श्रोतहरु र फेसबुक लगायतका सामाजिक सञ्जालहरुले उनीहरुलाई पोजिटिभ रिपोर्ट भन्दा बढी चिन्तित बनाएको पाइयो ।

कोभिड १९ को वस्तुस्थिति तथा हालसम्मको तथ्याङ्क विश्लेषण सम्बन्धमा अध्ययन गरि आगामी दिनमा लिइने नीति/रणनीतिका लागि सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकार (माननीय मन्त्रीस्तर) मिति २०७७/०५/०७ गतेको निर्णय अनुसार निर्देश भएका निम्न बमोजिमका अनुसन्धानहरु द्रुतगतिमा कार्यान्वयन भइरहेको कुरा पनि जानकारी गराउन चाहन्छौ ।

१) कोभिड १९ रोकथाम तथा नियन्त्रणमा हालसम्म नेपाल सरकारले लिएको नीतिगत व्यवस्था र कार्यान्वयनको मूल्याङ्कन ।

२) कोभिड १९ को प्रकोपको जाँचपड्ताल तथा इपिडिमियोलोजिकल विश्लेषण ।

३) प्रयोगशाला सेवा तथा प्रयोगशाला डाटा परीक्षण मूल्याङ्कन ।

**धन्यबाद !**